# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

प.सं.: २०७७/०७८
च.नं.: १६५८

मितिः-२०७७/११/१५

विषयः- निर्णय कार्यान्वय गर्ने सम्वन्धमा ।

श्री मनहरी गाउँकार्यपालिकाका
सबै शाखा/उपशाखा प्रमुखहरु
वडा कार्यालय/वडा सचिवहरु
मनहरी, मकवानपुर ।

प्रस्तुत विषयमा मिति २०७७ फागुन ११ गते मंगलवार बसेको कार्यपालिका बैठकको निर्णय पाना थान आठ यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्वन्धित निर्णयहरु हेरी आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

२०७७/११/१५

(देवराज चौलागाई)
प्रमुख प्रशासकिय अधिकृत

देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७७ साल फागुन ११ गते मंगलवारका दिन विहान ०८ बजे देखि यस मनहरी गाउँपालिकाको कार्यपालिका बैठक गा.पा. अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थिति सहित वसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

**<u>उपस्थिति</u>**

| | | | |
|---|---|---|---|
| १. श्री एकराज उप्रेती | गा.पा. अध्यक्ष | अध्यक्ष | |
| २. श्री मनिला विष्ट | गा.पा. उपाध्यक्ष | सदस्य | |
| ३. श्री आनन्द घलान | २ नं.वडा अध्यक्ष | सदस्य | |
| ४. श्री गोपिलाल मोक्तान | ६ नं.वडा अध्यक्ष | सदस्य | |
| ५. श्री ठाकुरराम तिटुङ | ७ नं.वडा अध्यक्ष | सदस्य | |
| ६. श्री दिलबहादुर स्याङतान | ८ नं.वडा अध्यक्ष | सदस्य | |
| ७. श्री ध्रुव खड्का | ४ नं.वडा अध्यक्ष | सदस्य | |
| ८. श्री विष्णु थिङ | ३ नं.का.बा.वडा अध्यक्ष | सदस्य | |
| ९. श्री साधुराम अधिकारी | ९ नं.वडा अध्यक्ष | सदस्य | |
| १०. श्री शिव प्रसाद खनाल | १ नं.वडा अध्यक्ष | सदस्य | |
| ११. श्री शुभराज थिङ | ५ नं.वडा अध्यक्ष | सदस्य | |
| १२. श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य | |
| १३. श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य | |
| १४. श्री राधादेवी खकुराल पाठक | महिला सदस्य | सदस्य | |
| १५. श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य | राममाया। |
| १६. श्री गीता कुमारी प्रजा | दलित/अल्पसंख्यक सदस्य | सदस्य | |
| १७. श्री देवराज चौलागाई | प्रमुख प्रसाशकिय अधिकृत | सचिव | |

आमन्त्रित/सहयोगी

१. श्री संगिता अधिकारी लेखा अधिकृत राजश्व/आ.प्र.महाशाखा प्रमुख

२.

प्रस्तावहरु

१. सेफहाउस संचालन कार्यविधि संशोधन गर्ने वारे ।
२. रिट निवेदन नं.०७७-WO-0032 को फैसला विरुद्द पुनरावलोकन रिट दायर गर्ने वारे ।
३. नदीजन्य श्रोतको जरिवाना असुल गर्ने वारे ।
४. गाडी भाडा लगायत पदाधिकारी सुविधा वारे ।
५. नदीजन्य श्रोतको ठेक्का वन्दोवस्ती अनुमोदन गर्ने वारे ।
६. भुमि सम्वन्धी कार्ययोजना र निर्णय अनुमोदन गर्ने वारे ।
७. प्रदेश समपुरक/विशेष कोषको योजना छनौट वारे ।
८. अग्नीहोत्राश्रम जाने अपुरो स्ल्याब निर्माण गर्ने वारे ।
९. गाउँसभामा पेश गर्ने पुरक बजेट अनुमोदन वारे ।
१०. सिलाई मेसिन उपलब्ध गराउने वारे ।
११. ५ नं. वडाको डिप बोरिङ ठेक्काको म्याद थप वारे ।
१२. मासिक करारमा कामकाज लगाउने वारे ।
१३. परियोजना प्रतिवेदन DPR तयार गर्ने वारे ।
१४. Master plan तयार गर्ने वारे ।
१५. रेडियो कार्यक्रम सहयोग वारे ।
१६. विविध विषयहरु
    क- कोभिड खर्च अनुमोदन वारे ।
    ख- योजना संचालन वारे ।
    ग- आर्थिक सहायता अनुमोदन वारे ।

निर्णयहरु

१. यस प्रस्तावमा छलफल गर्दा सेफ हाउस संचालन कार्यविधि २०७६ को परिच्छेद ५ को दफा ६(क) ले दिएको अधिकार प्रयोग गरी सोहि कार्यविधिको परिच्छेद ३ को दफा ४(घ) को संचालक समिति खारेज गरी गतः पौष १ गतेको निर्णय न. १७ अनुसारको समितिले सेफ हाउसको सम्पती सुरक्षा लगायतका कार्य र कार्यविधि एवम् निर्णयानुसार तोकिएका कार्यहरु समेत नियमित रुपमा गर्ने ।

२. यस प्रस्तावमा छलफल गर्दा मनिला विष्टले गाउँपालिकाको उपाध्यक्ष पदवाट गाउँपालिका अध्यक्ष समक्ष दिएको लिखित राजिनामाको विषयलाई लिएर गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतका विरुद्द उच्च अदालत पाटन हेटौडा ईजलासमा निजले हालेको रिट निवेदन नं.०७७-WO-0032 का सम्वन्धमा भएको आदेश नेपालको संविधानको धारा २१५ को ब्यवस्था भन्दा फरक किसिमको भएकाले सो उच्च अदालतको आदेश दोहोर्याई पाउनका लागि सम्मानीत सर्वोच्च अदालत काठमाण्डौ समक्ष कानुनी उपचारका लागि दोहोर्याई निवेदन पेश गर्न गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतले आवश्यक ब्यवस्था मिलाउने र सम्मानीत सर्वोच्च अदालत समक्ष दोहोर्याई निवेदन दर्ता गर्न, तारेख लिन, बहस पैरविका लागि कानुन ब्यवसायी काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. २९ बस्ने अधिवक्ता ओशिन नगरकोटीलाई राख्ने र आवश्यक कार्यहरु गर्न अख्तीयारी प्रदान गर्ने ।



निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

३. यस प्रस्तावमा छलफल गर्दा विभिन्न क्रसर उधोगहरुमा उत्खनन अनुमति भन्दा वढि भण्डारण गरेको पाईएकाले त्यस्ता नदिजन्य पदार्थहरुलाई मिति २०७७ बैशाख २९ गतेको बैठकले लगाएको जरिवाना वाँकि रकम तथा मिति २०७७ पौष १ गतेको निर्णय अनुसार १,८३,१८१.०० घनमिटरको हुन आउने रु.१,२४,१९,६७२.०० दण्ड जरिवाना मध्ये हाल सम्म पनि असुल नभएको रकम १५ दिन भित्र असुल गर्ने कार्यालयलाई निर्देशन दिने र सो लगायत विज्ञापन शुल्क असुलीको समेत प्रगति विवरण आगामी कार्यपालिका बैठकमा पेश गरी राजश्व प्रशासनलाई चुस्त, दुरुस्त र पारदर्शि बनाउने ।

४. यस प्रस्तावमा छलफल गर्दा गाउँपालिकामा पर्याप्त सवारी साधनहरु रहेका कारण भाडामा सवारी साधन लिन आवश्यक नरहेको । भाडामा लिनुपर्ने भएमा कार्यपालिका बैठकको निर्णयानुसार आवश्यकता र औचित्यका आधारमा लिने ब्यवस्था मिलाउने । कार्यालयले ७ दिन भन्दा वढि भाडामा लिएका सवारी साधन र सो मा प्रयोग भएको ईन्धन खर्च छलफल र अनुमोदनका लागि आगामी कार्यपालिका बैठकमा कागजातहरु सहित कार्यालयले पेश गर्ने । पदाधिकारीहरुका लागि ऐनले तोकेको सुविधा भन्दा कुनै किसिमका भत्ता लगायतका सुविधाहरु भुक्तानी नगर्ने, नगराउने ।

५. यस प्रस्तावमा छलफल गर्दा यस पालिकाद्धारा मिति २०७७/०९/१० गते प्रकाशित सुचना अनुसार ढुँङ्गा, गिट्टी, वालुवाको विक्री शुल्क संकलन र वातावरण शुल्क संकलनका लागि ठेक्का आह्वान भएकोमा अधिकतम बोलकबोल सकारकर्ता शिवशक्ति ईन्फ्रा डेभलपर्स प्रा.लि.ले कबोल गरेको अंक रु. १३,०१,७६,०००.०० को बोलपत्र स्वीकृत गरी कार्यादेश दिन पेश भएको टिप्पणीका आधारमा भएको निर्णय अनुमोदन गर्ने, उल्लेखित ठेक्का प्रमाणित स्टक परिमाणको मात्र लगाईएकाले आगामी दिनहरुमा उत्खनन् गरीने नदीजन्य श्रोतको उत्खनन शुल्क, विक्री शुल्क वातावरण शुल्क कार्यालयले बैकल्पिक ब्यवस्था गरी संकलन कार्य गर्ने, गराउने ।

६. यस प्रस्तावमा छलफल गर्दा भूमी सम्वन्धी सहजिकरण समितिको मिति २०७७/१०/२६ मा बसेको बैठकका निर्णयहरु अनुमोदन गर्ने । भूमी सम्वन्धी समस्या समाधान गर्न गठन भएको भूमी ब्यवस्थापन शाखावाट पेश भई स्वीकृत भएको कार्ययोजना बमोजिमका खर्चहरु सार्वजनिक पर्ति जग्गा संरक्षण शिर्षकमा विनियोजित रकमवाट खर्च गर्न कार्यालयलाई अख्तियारी दिने ।

७. यस प्रस्तावमा छलफल गर्दा चालु वर्षका लागि प्रदेश सरकारवाट प्राप्त हुने समपुरक/विशेष कोषवाट खर्च गर्ने गरी देहायका योजनाहरु छनौट गर्ने ।
क. मानेडाँडा भएर रमौली जाने बाटोको पिच निर्माण कार्य
ख. ५ नं. वडाको डिल्लीपुर जाने ५ कि.मि.सडकको **DPR** अनुसार गरिने निर्माण कार्य
ग. वडा नं. ८ र ९ को सिमा सडक निर्माण कार्य

८. यस प्रस्तावमा छलफल गर्दा गाउँपालिकाको कार्यालय भवन भई अग्नीहोत्राश्रम आश्रम अगाडीको ओरालोमा सडक कच्चा भएकाले आवतजावत गर्न कठिनाई भएका कारण सो क्षेत्रको अपुरो भाग पुँजिगत सम्पत्ती/ संरचना मर्मत संभार कोष शिर्षकवाट ब्यहोर्ने गरी प्राविधिकको लागत अनुमान अनुसार उपभोक्ता समिति मार्फत स्ल्याब ढलान कार्य गर्ने



निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

र सो आश्रमको गेट सोहि बजेटवाट प्राविधिकको लागत अनुमान गराई नियमानुसार निर्माण गर्ने ।

९. यस प्रस्तावमा छलफल गर्दा चालु गाउँसभामा देहाय अनुसारको गाउँपालिका कोष तर्फको पुरक बजेट अनुमान पेश गर्ने ।

क. चालु तर्फ

| सि.नं. | कार्यक्रमको नाम | श्रोत | थप | घट |
|---|---|---|---|---|
| १ | सार्वजनिक उपयोगिताको सेवा खर्च | आन्तरिक/नगद | 0 | 4000 |
| २ | अन्य नियमानुसार विल भरपाई वमोजिम भुक्तानी हुने | आन्तरिक/नगद | 0 | 2000 |
| | **क- शिक्षा तर्फ** | | | |
| ३ | स्थानीय पाठ्यक्रम निर्माण | आन्तरिक/नगद | 700 | 0 |
| ४ | गाउँपालिका शिक्षा नीति | आन्तरिक/नगद | 200 | 0 |
| ५ | खाजा ब्यवस्थापन | आन्तरिक/नगद | 200 | 0 |
| ६ | विज्ञान विषय तालिम | आन्तरिक/नगद | 100 | 0 |
| ७ | पुरस्कार, अतिरिक्त कृयाकलाप | आन्तरिक/नगद | 500 | 0 |
| ८ | पाठ्यपुस्तक तालिम | आन्तरिक/नगद | 200 | 0 |
| ९ | शैक्षिक भ्रमण | आन्तरिक/नगद | 250 | 0 |
| | **ख- स्वास्थ्य तर्फ** | | | |
| १० | स्वास्थ्यकर्मी परिचालन (करार) | आन्तरिक/नगद | 2000 | 0 |
| ११ | स्वास्थ्य संस्था संचालन अनुदान | आन्तरिक/नगद | 300 | 0 |
| १२ | विपद ब्यवस्थापन कोष | आन्तरिक/नगद | 5000 | 0 |
| १३ | वालमैत्री सहजकर्ता परिचालन | आन्तरिक/नगद | 400 | 0 |
| १४ | औषधि खरिद | आन्तरिक/नगद | 1500 | 0 |
| १५ | गत वर्षको जिम्मेवारी थपिएको रकम | आन्तरिक/नगद | 0 | 5350 |
| | | | 11350 | 11350 |

ख. पुँजिगत तर्फ

| सि. नं. | कार्यक्रमको नाम | श्रोत | वार्षिक बजेट | नयाँ विनियोजन | थप | घट | कायम हुने बजेट |
|---|---|---|---|---|---|---|---|
| १ | सवारी साधन मोटरसाईकल लगायत खरिद | आन्तरिक/नगद | 1000 | | 0 | 1000 | 0 |
| २ | विभिन्न पर्यटकिय पुर्वाधार | आन्तरिक/नगद | 1000 | | 0 | 1000 | 0 |
| ३ | वडा नं.८,९,४,३,५,१ मा अधुरा खानेपानी योजना | नेपाल सरकार नगद अनुदान | 20000 | | 0 | 11800 | 8200 |



निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | गत वर्षको जिम्मेवारी थपिएको रकम | आन्तरिक/नगद | 94650 | | 0 | | 94650 |
| ५ | विजौना खानेपानी योजना वडा नं. ७ | नेपाल सरकार नगद अनुदान | | | 500 | 0 | 500 |
| ६ | लोथर खानेपानी योजना वडा नं. ६ | आन्तरिक/नगद | | | 700 | 0 | 700 |
| ७ | गोगनपानी खानेपानी योजना वडा नं. १ | नेपाल सरकार नगद अनुदान | | 1500 | 0 | 0 | 1500 |
| ८ | हाँडिखोला खानेपानी योजना वडा नं. १ | नेपाल सरकार नगद अनुदान | | | 500 | 0 | 500 |
| ९ | चकरी झुल्यान खानेपानी योजना वडा नं. १ | नेपाल सरकार नगद अनुदान | | 2500 | 0 | 0 | 2500 |
| १० | बृहद खानेपानी योजना वडा नं. ८ | नेपाल सरकार नगद अनुदान | | 0 | 11000 | 0 | 11000 |
| ११ | बृहद खानेपानी योजना वडा नं.९ | नेपाल सरकार नगद अनुदान | | | 1000 | 0 | 1000 |
| | बृहद खानेपानी योजना वडा नं.९ | आन्तरिक/नगद | | 9000 | | | 9000 |
| १२ | तल्लो मसिने खानेपानी योजना वडा नं. ४ | नेपाल सरकार नगद अनुदान | | 1000 | 0 | 0 | 1000 |
| १३ | माथिल्लो मसिने खानेपानी योजना योजना वडा नं. ४ | नेपाल सरकार नगद अनुदान | | 2000 | 0 | 0 | 2000 |
| १४ | हाँडिखोला पुल निर्माण | राजश्व बाँडफाँड प्रदेश सरकार | 20000 | | 0 | 0 | 20000 |
| | हाँडिखोला पुल निर्माण | आन्तरिक/नगद | | 15000 | 0 | 0 | 15000 |
| १५ | च्यापल खोला पुल निर्माण | आन्तरिक/नगद | 20000 | 15000 | 0 | 0 | 35000 |
| | <u>क. शिक्षा तर्फ</u> | | | | | | |
| १६ | वालमैत्री संरचना निर्माण | आन्तरिक/नगद | | 300 | 0 | 0 | 300 |
| १७ | विद्यालयहरु घेरावारा | आन्तरिक/नगद | | 2000 | 0 | 0 | 2000 |
| १८ | विद्यालय कम्प्युटर/ प्रिन्टर | आन्तरिक/नगद | | 900 | 0 | 0 | 900 |
| १९ | प्रजा मा.बि. फर्निचर | आन्तरिक/नगद | | | 100 | 0 | 100 |
| २० | जन लागत सहभागिता(६०/४०) | आन्तरिक/नगद | 7000 | 10000 | | 0 | 17000 |
| | <u>ख. स्वास्थ्य तर्फ</u> | | | | | | |
| २१ | बालुभञ्याङ्ग, बर्थिङ सेन्टर | आन्तरिक/नगद | | 450 | | 0 | 450 |
| २२ | वडा तथा केन्द्र भवन निर्माण | नेपाल सरकार नगद अनुदान | 50000 | | 0 | 0 | 50000 |
| | वडा तथा केन्द्र भवन निर्माण | आन्तरिक/नगद | | 10000 | | | 10000 |
| २३ | पुँजिगत सम्पत्ति/ संरचना मर्मत संभार कोष | राजश्व बाँडफाँड प्रदेश सरकार | 5000 | | | 0 | 5000 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पुँजिगत सम्पत्ति/ संरचना मर्मत संभार कोष | आन्तरिक/नगद | | 5000 | | | 5000 |
| २४ | पुँजिगत भैपरी विविध | राजश्व बाँडफाँड प्रदेश सरकार | 5000 | | | 0 | 5000 |
| | पुँजिगत भैपरी विविध | आन्तरिक/नगद | | 5000 | | | 5000 |
| २५ | वडा स्तरीय भैपरी योजनाहरु | आन्तरिक/नगद | | 15000 | | 0 | 15000 |
| | जम्मा | | 223650 | 94650 | 13800 | 13800 | 318300 |

उपरोक्तानुसार साविकमा स्वीकृत बजेट मध्ये चालु तर्फ रु.५३,५०,०००.०० थप गरीएको र पुँजितत तर्फ ९,४६,५०,०००.०० थप गरीएकाले सोहि अनुसार संशोधित बजेट कायम हुने गरी आठौ गाउँसभाको मिति २०७७/११/१७ गते विहान ११ बजे बस्ने बैठकमा पेश गर्ने ।

१०. यस प्रस्तावमा छलफल वडा नं. ७ मा परियार समुदायको परम्परागत रुपमा चली आएको कपडा सिलाई कार्य बचाई ब्यवसायलाई आधुनिकीकरण गर्ने टाँक घर बुन्ने तथा टाँक लगाउने मेसिन आवश्यक परेको भनि वडा कार्यालयको सिफारिस सहित रु. ३ लाखको प्रस्ताव पेश गरेकाले सो अनुसारको मेसिन खरिद गरी समुदाय स्तरमा शिप विकास र आय आर्जन गर्ने प्रयोजनका लागि युवा क्षमता विकास कार्यक्रमवाट उक्त मेसिन लागत सहभागिताका आधारमा खरिद गर्ने रु २ लाख २५ हजार सम्म नियमानुसार उपलब्ध गराउने ।

११. यस प्रस्तावमा छलफल वडा नं. ५ मा निर्माण भैरहेको डिप बोरिङ निर्माणको ठेक्का नं. Dip/BORING/NCB/MAN-23/2075/076 सम्झौता मिति २०७६/०४/२८ मा श्री नारायणी/आश्था/प्रतिक्षा जेभी संग रु. २५,०७,२४४.०० मा ठेक्का सम्झौता भई कार्य भैरहेकोमा पहिलो पटक थप गरीएको समयावधिमा केहि काम बाँकि रहेको र कोभिड १९ का कारण तोकिएको अवधिका समेत सो कार्य सम्पन्न हुन नसकेकाले प्राविधिकको राय सिफारिस अनुसार सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(३) बमोजिम कार्यालयको प्रस्ताव अनुसार २०७७ फागुन मसान्त सम्म कार्य अवधिको म्याद थप गर्ने ।

१२. यस प्रस्तावमा छलफल गर्दा वडा नं. २ मा दैनिक ज्यालादारीमा कार्यरत कार्यालय सहयोगि विष्णुमाया घलानलाई कार्य सम्पादन र कार्य प्रभावकारीता मुल्याङ्कनका आधारमा पारीश्रमिक सेवा शुल्कमा विनियोजित रकमवाट ब्यहोर्ने रु १३,५००.०० कायम गरि मासिक करारमा कामकाज लगाउने ब्यवस्था मिलाउन वडा कार्यालयवाट अनुरोध भै आएकाले २०७७ फागुन १ देखि लागु हुने गरी आवश्यक प्रकृया सहित मासिक ज्यालादारीमा काम काज लगाउने ब्यवस्था मिलाउने ।

१३. यस प्रस्तावमा छलफल गर्दा वडा नं. ६ को जोगितालमा प्रदेश स्तरीय औधोगिक क्षेत्र निर्माण हुने योजना रहेको र सो स्थानमा जाने काठे पुल निकै जिर्ण रहेकाले सो जिर्ण पुलको सट्टा पक्कि पुल निर्माण गर्ने सार्वजनिक उपयोगिताको सेवा खर्च चालु तर्फको



निर्णय प्रमाणित
अधिकृत

एकराज उप्रेती
अध्यक्ष

शिर्षकमा विनियोजित बजेटवाट ब्यहोर्ने गरी विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारीको प्रकृया अगाडि वढाउने ।

१४. यस प्रस्तावमा छलफल गर्दा शिखरवासमा पर्यटन प्रवर्धनका लागि सार्वजनिक उपयोगिताको सेवा खर्च चालु तर्फको शिर्षकवाट ब्यहोर्ने गरी Master Plan तयारीको प्रकृया अगाडि वढाउने ।

१५. यस प्रस्तावमा छलफल गर्दा थाहा एफ.एम. बाट वडा नं. ४ को माछा ब्यवसायी हरुको समस्याका विषयमा गरिएको अन्तरकृयावाट कृषकहरु लाभान्वित भएकाले त्यस्ता कार्यक्रमहरु प्रवर्धन गर्ने रु. ३० हजार स्थानीय रेडियो कार्यक्रम शिर्षकवाट नियमानुसार उपलब्ध गराउने ।

१६. यस प्रस्तावमा छलफल गर्दा देहाय बमोजिम गर्ने ।

क. कोरोना लागेका विरामीहरुलाई वडा नं. ७ रमनटारको आईशोलेशन राखेर उपचार गर्दा भएका खर्चहरुको विल भरपाई ईन्चार्ज रामचन्द्र दाहालवाट प्राप्त भयो । सो अनुसार २,३६,९४७.०० खर्च भएकोमा स्वास्थ्य शाखाको सिफारिसमा कोभिड ब्यवस्थापन शिर्षकवाट नियमानुसार भुक्तानीका लागि समर्थन गर्ने ।

ख. देहाय अनुसारका शिर्षकहरुवाट उल्लेखित योजना संचालन तथा जिन्सी सामग्रीहरु आवश्यक प्रकृया पुरा गरी उपलब्ध गराउने ।

| सि. नं. | योजनाको नाम | नगद/ जिन्सी | भुक्तानीको श्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | कालोपानी खोल्चा/नहर्कि टोल ईनार निर्माण वडा नं. ८ | १ लाख | पुँजिगत सम्पती/ संरचना मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |
| ३ | वडा नं. १,४ र ७ कार्यालयको मागको आधारमा ह्युम पाईप खरिद गरी वितरण गर्ने | ५ लाख | पुँजिगत सम्पती/ संरचना मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |
| ४ | सुनाचुरी वगरटोल सडक ट्र्याक ओपन कार्य | १० घण्टा मेसिन लगाउने | पुँजिगत सम्पती/ संरचना मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |
| ५ | डिल्लीपुर मेसीनरी वाल निर्माण योजना वडा नं. ५ | १२ लाख | पुँजिगत सम्पती/ संरचना मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |
| ६ | वडा न. ६,७,८ मा ट्युवेल धारा वडा कार्यालयको सिफारिसमा (कम्तिमा ५ घरले प्रयोग गर्ने गरी १ धारा) वितरण गर्ने | २ लाख | पुँजिगत सम्पती/ संरचना मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |
| ७ | वडा नं. ८ को कोभिड आईशोलेसन वसेको वडा कार्यालय भवनमा रंगरोगन र अन्य मर्मत कार्यहरु गर्ने | ९ लाख | पुँजिगत सम्पती/ संरचना मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |
| ८ | वडा नं.२ को त्रिरत्न प्रा.वि.कम्पाउण्ड गेट निर्माण कार्य | फलामे गेट | पुँजिगत सम्पती/ संरचना मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |
| ९ | ईलाका प्रहरी कार्यालयको अपुरो भान्सा घर निर्माण कार्य | २ लाख | पुँजिगत सम्पती/ संरचना मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |



निर्णय प्रमाणित
...अधिकृत

एकराज उप्रेती
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १० | सशस्त्र प्रहरी बल नेपाल IRT सुरक्षा वेस मनहरी कल्लेको गाडि मर्मत कार्य | २० हजार | दुर्गा गिट्री ब्यवस्थापन | स्वीकृत मर्मत आदेश र विल अनुसार |
| ११ | मनहरी ३ डोटे सुकौरामा बुद्ध मुर्ति खरिद/स्थापना | १.५ लाख | पुँजिगत भैपरी विविध | प्राविधिकको लई अनुसार गर्ने |
| १२ | वसन्तपुर सिरानटोल बाटो स्तरीकरण योजना वडा नं. ५ | २ लाख | पुँजिगत सम्पती/ संरचना मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |
| १३ | हँडिखोलाको एतिहासिक धारा निर्माण योजना वडा नं. ३ | ३ लाख | पुँजिगत सम्पती/ संरचना मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |
| १४ | वडा नं. ४ मा कराते खेल संचालनका लागि | ५० हजार | क्यीकुसिन कराते प्र. तथा प्र. ब्यवस्थापन | |

ग. देहाय अनुसारका ब्यक्तिहरुलाई सम्वन्धित काजगातहरु तथा वडा कार्यालयवाट तथा स्वास्थ्य शाखावाट भएको सिफारिस समेतको आधारमा स्वास्थ्य उपचार तथा मृतकहरुका लागि आर्थिक सहायता तथा चन्दा शिर्षकमा विनियोजित चालु बजेटवाट प्रदान गर्ने ।

| सि.नं. | वडा नं. | नाम थर | विषय | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ७ | विष्णु बहादुर पारब्रीन | क्यान्सर पीडित | १००००.०० | |
| २ | ३ | देउती कुमारी सुवेदी | मुटु रोग | १००००.०० | |
| ३ | ७ | शान्ता मानन्धर | क्यान्सर रोग | १००००.०० | |
| ४ | ८ | कल्पना नेगी | जटिल रोग | १००००.०० | |

उपरोक्त अनुसारका निर्णयहरु सर्वसम्मति रुपमा गर्दै आजको बैठक सम्पन्न भयो ।

एकराज उप्रेती
अध्यक्ष

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत